नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## प्रारम्भिक बालविकास शाखा

सानोठिमी, भक्तपुर

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

प.सं. २०८०/०८१ मिति : २०८०/१०/०९
चलानी नं. ०६

विषय :- कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह सबै

प्रस्तुत विषयमा ह्याण्डीक्याप इन्टरनेशनेल(HI) र सेतोगुराँस राष्ट्रिय बालविकास सेवासँगको सहकार्यमा समावेशी प्रारम्भिक बालविकास लक्षित तालिम सामग्री र बालविकास सम्बन्धी मौजुदा नीति, कानून, पाठ्यक्रम र तालिम तथा स्रोत सामग्रीहरु संग्रह गरी यस केन्द्रको वेवसाइटमा ECD Portal राखिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय बनाउन र प्रारम्भिक बालविकास सम्वद्ध सबै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि यो Portal मा रहेका सामग्रीहरुमा लक्षित समूहको पहुँच र ती सामग्रीहरुको अधिकतम उपयोगको आवश्यक व्यवस्थाका लागि ECED Online Promotional Flayer समेत यसैसाथ संलग्न राखी पठाएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(धनसूदन चौलागाईं)
शाखा अधिकृत

# प्रारम्भिक बालविकास तथा शिक्षा पोर्टल

**शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा रहेको यो पोर्टल प्रारम्भिक बालविकास शिक्षकलाई बालबालिकासँगको दैनिक सिकाइक्रियाकलाप सहजीकरण गर्न जानकारीमूलक स्रोत सामग्री, व्यवहारिक अभ्यास, सिप तथा औजारहरू एकै ठाँउमा उपलब्ध गराउन बनाइएको हो ।**

## यस पोर्टलमा निम्न सामग्रीहरू राखिएका छन् ।

- प्रारम्भिक बालविकास तथा शिक्षाबारे सबैले जान्नैपर्ने मुख्य सामग्री तथा अन्य सन्दर्भ सामग्री,
- प्रारम्भिक बालविकास तथा शिक्षाका अभ्यासलाई थप बालमैत्री बनाउन खेलमा आधारित समावेशी क्रियाकलापहरूको सँगालो तथा भिडियोहरू,
- प्रारम्भिक बालविकास शिक्षकका लागि अनलाइन तालिम मोड्युलहरू ।




*यस पोर्टलका सबै सामग्री सरल पहुँच र सहभागिता सुनिश्चित गर्न अडियो भिडियो, सांकेतिक भाषा र बोलिएका कुरालाई लिखित रुमपा समेत राखिएको छ। यी सामग्री अपाङ्गता भएका बालबालिकासहित सबै बालबालिकाको समावेशिताका लागि उपयुक्त छ ।*

## लक्षित समूह

- प्रारम्भिक बालविकास शिक्षकहरु तथा प्रारम्भिक कक्षाका शिक्षकहरू,
- साना बालबालिकाको विकास तथा सिकाइमा सरोकार राख्ने सबै सरोकारवालाहरू ।

## प्रयोग गर्ने तरिका

- इन्टरनेट जोडिएको मोबाइल, ट्याबलेट वा कम्प्युटरमा इन्टरनेट ब्राउजर खोलेर https://cehrd.gov.np/ecedportal/ मा जाने वा यसमा भएको QR कोडलाई आफ्नो मोबाइल वा ट्याबलेटले स्क्यान गरेर पनि पोर्टललाई सीधै प्रयोग गर्न सकिन्छ ।

unicef for every child
handicap international
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर